नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८१ मंसिर १३ गते (तदनुसार २८ नोभेम्बर २०२४) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मा. दामोदर भण्डारीज्यूसँग नेपालका लागि गणतन्त्र कोरियाका महामहिम राजदूत H.E. Park Taeyoung ले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो। सो अवसरमा माननीय मन्त्रीज्यूले नेपालको सामाजिक तथा आर्थिक विकासको लागि गणतन्त्र कोरिया प्रमुख विकास साझेदारको रूपमा रहेको र गणतन्त्र कोरियाले नेपालमा मानव विकास, आर्थिक विकास, सुशासन एवम् मानवीय सहायता लगायतका क्षेत्रमा गरेको निरन्तर सहयोग महत्वपूर्ण रहेको कुरा व्यक्त गर्नुभयो।

उक्त भेटमा माननीय मन्त्रीज्यूले नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५०औं वार्षिकोत्सवले दुई देशवीचको मैत्रीपूर्ण सम्वन्ध थप बलियो हुने कुरा व्यक्त गर्नुभयो। साथै, नेपाल सन् २०२६ मा अति कम विकसित मुलुकवाट विकासशील मुलुकमा स्तरोन्नति हुन गइरहेको सन्दर्भमा नेपालको उद्योग तथा व्यापारको क्षेत्रमा कोरिया सरकारको तर्फवाट थप सहयोग आवश्यक रहेको औंल्यानुभयो। त्यसैगरी, मन्त्रीज्यूले हालैको फिच क्रेडिट रेटिङ्मा नेपालले BB- स्तर प्राप्त गरेको विषय जानकारी गराउँदै नेपालमा लगानीको वातावरण बन्दै गइरहेकोले कोरियन लगानी विस्तारका लागि महामहिको रचनात्मक भूमिकाका लागि अनुरोध गर्नुभयो।

त्यसैगरी, माननीय मन्त्रीज्युले नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कोरियाको व्यापार, उद्योग तथा उर्जा मन्त्रालयवीच व्यापार तथा लगानी प्रवर्द्धनको कार्यढाँचामा हस्ताक्षर गर्ने सम्बन्धमा नेपालको तर्फबाट आवश्यक तयारी भैरहेको र सम्झौता अघि वढाउन नेपाल प्रतिवद्ध भएको विषय जानकारी गराउनुभयो।

सो अवसरमा महामहिम राजदूतले आगामी डिसेम्वर १६,२०२४ मा कोरियामा हुने लगानी सेमिनारको क्रममा नेपाल र दक्षिण कोरियाविच व्यापार तथा लगानी प्रवर्द्धनको कार्यढाँचामा हस्ताक्षर गर्ने विषयमा माननीय मन्त्रीज्यूको सहभागितावारे खुसी व्यक्त गर्दै उहाँको भ्रमणलाई थप सहज र अर्थपूर्ण वनाउन आवश्यक सहयोग उपलब्ध गराउन आफू तत्पर रहेको जानकारी गराउनुभयो। साथै, उहाँले नेपालसँग द्विपक्षीय लगानी सम्झौतासमेत आवश्यकता रहेको विषय औंल्याउनु हुँदै कोरियन लगानीमा नेपालमा निर्माणाधीन माथिल्लो त्रिशुली जलविद्युत आयोजना लगायतमा सहजीकरणका लागि अनुरोध गर्नुभयो। साथै उहाँले नेपालको व्यापार तथा लगानीको क्षेत्रको विकासमा आफ्नो सरकार सदैव तत्पर रहेको विषय समेत जानकारी गराउनुभयो।

भेटघाटको अवसरमा मन्त्रालयका सहसचिव श्री वावुराम अधिकारी लगायत अन्य कर्मचारी एवम् नेपालस्थित कोरियाली राजदूतावासका पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।

मितिः २०८१ मंसिर १३ गते विहिवार।

सहसचिव एवम् प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np